## ६८ औं कार्यपालिका बैठक

आज मिति २०७७ साल भाद्र १८ गते बिहिवारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री बल बहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री बाबुराम न्यौपाने | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| १७ | श्री अर्जुन प्रसाद सापकोटा | लेखा अधिकृत | |
| २२ | श्री धुब बाँनिया | कार्यालय सहयोगी | |

**<u>छलफल तथा प्रस्तावका विषयहरु :</u>**

१. आयोजना स्वीकृत गर्ने सम्बन्धमा ।

२. पर्यटन पूर्वाधार विकास साझेदारीका लागि लागत सहभागिता गर्ने सम्बन्धमा ।

३. बन्दाबन्दी समयावधीको ढुंगा, गिट्टी, बालुवाको राजश्व छुट सम्बन्धमा ।

४. कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धी जनचेतना फैल्याउने सम्बन्धमा ।

५. आयोजना कार्यान्वयन, अनुगमन जाँचपास तथा फरफारक सम्बन्धी कार्यविधि, २०७७ सम्बन्धमा ।

६. मेलमिलापकर्ता सुचिकृत गर्ने सम्बन्धमा ।

७. मानिसहरुको बढी आवतजावत हुने नाकाहरुमा स्वंयम सेवक परिचालन गर्ने सम्बन्धमा ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

९. विविध ।

## निर्णयहरु

**निर्णय नं. १**

यस गाउँपालिकाको वडा नं. ५, खोरीया स्थित गंगाजमुनामाई क्षेत्र ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको छ । तसर्थ उक्त क्षेत्रको संरक्षण एवं सम्वर्द्धन गर्नु गाउँपालिकाको दायित्व भएको र सो क्षेत्रको पर्यटन पूर्वाधार विकासका लागि गाउँपालिकाले गंगाजमुना पर्यटन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत तयार पारिएको विस्तृत परियोजना प्रतिवेन (Detail Project Report) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, सिंहदरबार, काठमाडौंद्वारा मिति २०७७/०५/०२ मा प्रकाशित **प्रदेश र स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी गर्न आयोजना/कार्यक्रमहरु प्रस्ताव आव्हान गरिएको सूचना**बाट व्यहोरा अवगत भएको र पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०७७ को दफा ३ को उपदफा (३) र दफा ९ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम गंगाजमुना पर्यटन पूर्वाधार विकास योजनाका लागि कुल लागत अनुमानको ३० प्रतिशत गाउँपालिकाले लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता गरियो ।

**निर्णय नं. ३**

आ.व. ०७६/०७७ मा आन्तरिक आय तर्फ यस गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने आँखुखोला र बुढीगण्डकी क्षेत्रबाट ढुंगा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) को उत्खनन् तथा संकलनका लागि नियमानुसार आन्तरिक आयको ठेक्का (ठेक्का नं. ०७६-०७७/०१) आव्हान गरी श्री डबजोङ कन्स्ट्रक्सन प्रा.लि., निलकण्ठ नगरपालिका वडा नं. ३, धादिङसँग सम्झौता भै कार्य अगाडी वढाएको सन्दर्भमा सम्झौताका बखत रु ६,५०,०००/- गाउँपालिकाको खातामा दाखिला गरी तत्पश्चात सम्झौतामा उल्लेखित शर्त बमोजिमको समयसीमा भित्र निजले कार्यालयलाई बुझाउनु पर्ने कुनै पनि रकम नबुझाएको हँदा गाउँपालिकाले निजको कृषि विकास बैंक, धादिङ शाखामा रहेको कार्यसम्पादन जमानतबाट सम्झौता बमोजिमको रकम अशुल उपर गर्ने भनी पत्राचार गरेको तर बन्दाबन्दीको कारणले गर्दा बैंकले केही समय पर्खिन भनी गाउँपालिकालाई मौखिक जानकारी गराएको र मिति २०७७/०५/०८ मा फर्मका प्रोपाइटर श्री प्रकाश घलेले बन्दाबन्दी अवधीको रकम छुट गरी बाँकी हुन आउने रकम मात्र बैंकमा रहेको कार्यसम्पादन जमानतबाट अशुल गरी पाउँ भनी निवेदन पेश गरेकोले उक्त निवेदन उपर कारवाही हुँदा वागमती प्रदेश सरकारबाट स्वीकृत



गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

**नदीजन्य पदार्थ (संकलन तथा उपयोग) गर्ने सम्बन्धमा बनेको कार्यविधि, २०७५ को दफा ९** बमोजिम नदीजन्य पदार्थको संकलन अबधी आश्विन देखि जेष्ठ मसान्तसम्म भएकोले ३ महिना (आषाढ, श्रावण र भाद्र) ९० दिन नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न निषेध गरिएको छ। जसले गर्दा वर्षमा २७५ दिन नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाइन्छ। नेपाल सरकारले कोभिड-१९ को महामारी तथा संक्रमणको रोकथाम गर्नका निमित्त सम्वत् २०७६ चैत्र ११ गते देखि बन्दाबन्दीको घोषणा ग-र्यो । आ.व. ०७६/०७७ मा जेष्ठ मसान्तसम्म (नदीजन्य पदार्थ जेष्ठ मसान्तसम्म मात्र उत्खनन् र संकलन गर्न पाउने भएको) गरी जम्मा ८२ दिन बन्दाबन्दी भयो। तसर्थ सम्झौता रकम र २७५ दिनलाई आधार मानी हिसाव गर्दा प्रतिदिन संकलन रकम रु १२,७४५।४५ हुन आउँछ। बन्दाबन्दीको ८२ दिनको अवधीमा निजले संकलन गर्नुपर्ने रकम बन्दाबन्दीको असहज परिस्थितिको कारणले संकलन गर्न नसकेको पाईयो तसर्थ ८२ दिनको अवधीमा रु १०,४५,१२७/- संकलन गर्न नसकिएको रकम छुट दिने निर्णय गरियो।

**निर्णय नं. ४**

विश्वभर महामारी तथा संक्रमणको रुपमा फैलिएको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि प्रत्येक विद्यालयको प्रधानाध्यापकले आफ्ना शिक्षक शिक्षिकाहरुलाई सम्बन्धित विद्यालय क्षेत्र वरपरका बस्तीका व्यक्ति तथा परिवारका वीचमा सम्बन्धित वडाको स्वास्थ्य संस्था एवं जनप्रतिनिधिको समन्वयमा स्वास्थ्य मापदण्ड कायम गरी कोभिड-१९ सम्बन्धी जनचेतना फैल्याउने, प्रचार प्रसार गर्न परिचालन गर्ने र सो को रिपोटिङ्ग गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखालाई गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं. ५**

गंगाजमुना गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन तथा काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्ने उद्देश्यले नेपाल सरकार एवं विकास साझेदारबाट पालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत गाउँपालिको संचित कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय र क्षेत्रको समेत पहुँच, स्वामित्व रहने गरी सन्तुलित तवरबाट सेवा प्रवाह तथा विकास निर्माणका कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दिगो र गुणस्तरयुक्त गराउदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन, योजना तथा कार्यक्रम सञ्चालन पश्चात भुक्तानी प्रकृयालाई सरल सहज बनाउन **आयोजना कार्यान्वयन, अनुगमन, जाँचपास तथा फरफारक सम्बन्धी कार्यविधि, २०७७** स्वीकृत गर्ने निर्णय गरियो।



गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

**निर्णय नं. ६**

यस गाउँपालिकाका वडाहरुमा विगतका वर्ष देखि न्यायिक समितिमा मेलमिलापकर्ताको रुपमा सुचिकृत भै वडामा मेलमिलापको कार्य गर्दै आउनु भएका त्यस्ता मेलमिलापकर्ताहरुलाई पुनः सुचिकृत गरी मेलमिलाप गर्ने कार्यमा निरन्तरन्त दिने र रिक्त भएको छ भने नयाँ मेलमिलापकर्ता व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

कोभिड १९ संक्रमण तथा महामारीको रोकथाम र नियन्त्रण गर्ने सन्दर्भमा यस गाउँपालिकाबाट बाहिर जाने र गाउँपालिकामा आउने व्यक्तिहरुको आवतजावत रोक्नका लागि मानिसहरुको बढी आवतजावत हुने देहायका नाकाहरुमा प्रति व्यक्ति दैनिक रु १,०००/- (अक्षरमा एक हजार मात्र) दिने गरी स्वंयसेवक राख्ने र सम्वत २०७७ भाद्र १४ गते देखि कतिपय नाकाहरुमा राखिएका स्वंयसेवकको हकमा यसै बमोजिम गर्ने निर्णय गरियो ।

**देहाय**

| क्र.स. | नाका, ठेगाना | नाकामा खटिने संख्या |
|---|---|---|
| १ | आँखुखोला झोलुङ्गेपुल नाका, वडा नं. १ | १ जना |
| २ | डोल्पा नाका, वडा नं. १ | १ जना |
| ३ | छुनुऊ नाका, वडा नं. २ | २ जना |
| ४ | भाँजा नाका, वडा नं. ४ | २ जना |
| ५ | किन्ताङफेदी नाका, वडा नं. ४ | १ जना |
| ६ | सुकभन्ज्यांङ नाका, वडा नं. ५ | २ जना |
| ७ | मान्बु नाका, वडा नं. ६ | १ जना |
| ८ | सल्लेघारी नाका, वडा नं. ६ | १ जना |
| ९ | आर्खेत नाका, वडा नं. ७ | १ जना |
| १० | मंगलटार र मनपाङ खोलापुल, वडा नं. ७ | १ जना |

**निर्णय नं. ८**

आ.व. ०७७/०७८ मा संघीय सशर्त अनुदान अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि प्राप्त भएको बजेट कार्यान्वयन गर्नका लागि प्रत्येक वडाबाट कम्तिमा ५ लाख लागतको योजना छनौट गरी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा पेश गर्ने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

विविध

गंगाजमुना गाउँपालिका वडा नं. ६, बसेरी ठेगाना भएका श्री रण बहादुर अधिकारी, वर्ष ५६ को मिति २०७७/०५/०५ गते बेलुका आएको अविरल वर्षातको कारणले गर्दा निजलाई बगाएको र निज मृत्यु भएको प्रहरी मुचुल्कासाथ किरिया गर्न समेत आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग पाउँ भनी निवेदन पेश हुन आइको हुँदा निजको परिवारलाई किरिया खर्च वापत रु १५,०००/- (अक्षरमा पन्ध्र हजार मात्र) दिने र निजको लास २ दिनसम्म खोजतलास गर्दा खाजा तथा खाना वापत रु २०,०००/- (अक्षरमा बीस हजार मात्र) गरी जम्मा रु ३५,०००/- (अक्षरमा पैतिस हजार मात्र) दिने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष